श्री ५ को सरकार

प्रशासन व्यवस्था विभागको

सूचना

श्री ५ को सरकारले मिति २०३२।११।२६ को निर्णयानुसार श्री शान्ता नेउपाने–लाई हुलाक सेवा विभागको शाखा अधिकृत पदबाट पर्यटन विभागको शाखा अधिकृत पदमा सरूवा गरेको छ ।

आज्ञाले–
उपेन्द्रबहादुर अमात्य
श्री ५ को सरकारको उप–सचिव

श्री ५ को सरकार

प्रशासन व्यवस्था विभागको

सूचना

श्री ५ को सरकारले मिति २०३३।६।५ को निर्णयानुसार श्री भारतप्रसाद धिताल–लाई खाद्य, कृषि तथा सिंचाइ मन्त्रालयको नेपाल कृषि सेवाको अर्थविज्ञ (रा.प. द्वि.श्रे.) पदबाट प्रशासन सेवामा सेवा परिवर्तन गरी प्रशासन व्यवस्था विभागको अतिरिक्त समूहको रा.प. द्वितीय श्रेणीको पदमा पदस्थापन गरेको छ ।

आज्ञाले–
उपेन्द्रबहादुर अमात्य
श्री ५ को सरकारको उप–सचिव

भूलसुधार

नेपाल राजपत्र भाग ३ खण्ड २६ संख्या २७ मिति २०३३।७।६ मा प्रकाशित श्री ५ को सरकार वन मन्त्रालयको सूचनाको पहिलो हरफमा विकास समिति ऐन, २०१३ हुनु पर्नेमा विकास समिति ऐन, २०३३ हुनगएकोले भूलसुधार गरिएको छ ।

वन मन्त्रालय

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।